आज मिति २०८२।०८।१९ गते शुक्रबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको आ. व. २०८२/०८३ को सातौ बैठक तपशिलका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ४ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ५ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ६ | श्री लुङ्गाराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ७ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ८ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| ९ | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| १० | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| ११ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १२ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १३ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १४ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १५ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १६ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १७ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १८ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| १९ | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २० | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |
| २१ | श्री काजीमान राई | सचिव | ९८५२८४४०४७ | |

**आमन्त्रित**

**श्री किशोर ताम्राकार नगर योजना आयोग उपाध्यक्ष**

**प्रस्तावहरु**

१. अघिलो कार्यपालिका बैठको निर्णय समिक्षा सम्बन्धमा
२. मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम सम्बन्धमा
३. पानी तान्ने मोटर, जस्तापाता र खानेपानीको पाइप उपलब्ध
४. आर्थिक सहायता उपलब्ध गराइ दिन सम्बन्धमा
५. नगरसभा बैठक सम्बन्धमा
६. वडा नम्बर ५ मा कल्भर्ट निर्माण सम्बन्धमा
७. उपभोक्ता समितिमार्फत् योजना सञ्चालन सम्बन्धमा
८. चोरी निकांशी नियन्त्रण सम्बन्धमा
९. अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सम्बन्धमा
१०. कार्यविधि निर्माण सम्बन्धमा
११. करारमा कर्मचारी नियुक्ती सम्बन्धमा
१२. कार्यविधि परिमार्जन गर्ने सम्बन्धमा
१३. छठ पूजालाई सहयोग सम्बन्धमा

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा यस नगरपालिकाको मिति २०८२ कार्तिक ३० गते बसेको यस आर्थिक वर्ष २०८२/०८३ को छैटौँ नगर कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु कार्यान्वयन भए/भएनन् भन्ने विषयमा छलफल र समिक्षा गरियो । यस क्रममा कार्यान्वयनका क्रममा भएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा यस नगरपालिकाको विभिन्न वडामा रहेका विद्यालय तथा मठमन्दिरले विभिन्न मितिमा तपशील वमोजिमको कार्यक्रम गर्नका लागि बजेट मागसहित कार्यालयमा निवेदन पेश गरेको हुनाले देहाय वमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो-

**तपशील**

| क्र. सं. | विद्यालयको नाम | निर्णय रकम | बजेट शिर्षक |
|---|---|---|---|
| १. | देवीस्थानमा कुटी निर्माण, वडा नम्बर ५ | १००,०००/- (एक लाख) | मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम |
| २. | जामे मस्जिद मदरर्साको भवन मर्मत, वडा नम्बर ९ | १५०,०००/- (एक लाख पचास हजार) | मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम |

३. विविध

यस नगरपालिकाको तपशील वमोजिम वडामा बसोबास गर्ने व्यक्तिहरुले वडा कार्यायको सिफारिससहित पानी तान्ने मोटर र खानेपानीको पाइप माग गरेको हुँदा तपशील वमोजिमको पानी तान्ने मोटर र खानेपानीको पाइप खरिद गरी बितरण गर्ने निर्णय गरियो-

**तपशील**

| क्र. सं. | ब्यक्तिको नाम | सामाग्रीको नाम |
|---|---|---|
| १. | अमृतलाल चौधरी, वडा नम्बर ९ | १.५ इञ्चको पानी तान्ने मोटर |
| २. | रमला राई, वडा नम्बर १० | १ इञ्चको समर सेल मोटर, १५० मिटर २० एम.एम. को पानी तान्ने पाईप |
| ३. | प्रल्हाद बि.क., वडा नम्बर ८ | ८ फुटे ३ बण्डल जस्तापाता |

४. आर्थिक सहायता

यस नगरपालिकाको तपशील वमोजिम वडामा बसोबास गर्ने व्यक्तिहरुले वडा कार्यायको सिफारिससहित आर्थिक सहायता माग गरेको हुँदा तपशील वमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो-

**तपशील**

| क्र. सं. | ब्यक्तिको नाम | शीर्षक | रकम |
|---|---|---|---|
| १. | बमबहादुर राई, वडा नम्बर १ | अन्य सहायता | ~~१००,०००/- (एक लाख)~~ ५०,०००/- (पचास हजार) |
| २. | आयुष बि. क. | अन्य सहयाता | २५,०००/- (पच्चीस हजार) |

५. प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा यस नगरपालिकाको १८ औँ नगर सभाबाट चालू आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत भएको तर कार्यान्वयन हुन नसक्ने तथा नभएका योजना तथा कार्यक्रम संशोधन, परिमार्जन गर्नका लागि विभिन्न वडा तथा शाखाबाट माग भइ आएको हुँदा सो कार्यक्रम संशोधन नगरपालिकालाई आवश्यक भएका ऐन, नियमावलीहरु पारित गर्नका लागि तपशीलको मिति, समय र स्थानमा १९ औँ नगर सभा सञ्चालन गर्ने निर्णय गरियो

**तपशील**

क. मिति - २०८२ पौष ९ गते बुधबार

ख. समय - बिहान ११ बजे

ग. स्थान – नगरपालिकाको सभा हल

६. प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा बर्षायाममा गएको बाढिको कारण वडा नम्बर ५ स्थित ......... स्थानमा रहेको कल्भर्टमा क्षती भई यातायात आवागमनमा असर परेको हुँदा प्राविधिक लागत अनुमानका आधारमा बढीमा **रु. ५०,०००/-** मागमा आधारित प्रवर्दनात्मक कार्यक्रमबाट बिनियोजन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा चालू आर्थिक वर्ष २०८२/०८३ का लागि यस नगरपालिकाको अठारौँ नगरसभाबाट एक टोल विकास एक योजनाअन्तर्ग दलित बस्ती माथिल्लो सुगारेमा खानेपानी ट्याङ्की निर्माण गर्नका लागि **रु. ३००,०००/-** बजेट बिनियोजन गरिएको हुँदा सम्बन्धित टोल विकास संस्था र वडाको मागका आधारमा जनश्रमदान थप गरी उक्त योजना उपभोक्ता समितिमार्फत् सञ्चालन गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न क्षेत्रहरुमा नगरपालिकाले निगरानी राख्दा राख्दैसमेत नदीजन्य पदार्थहरु अवैध रुपमा चोरी निकाशी भइ रहेको भन्ने जनगुनासो कार्यालयमा प्राप्त भएको हुँदा उक्त चोरी निकासीलाई नियन्त्रण गर्नका लागि यस नगरपालिका क्षेत्रभित्र रहेको सुरक्षा निकायहरुलाई सहयोग माग गर्ने निर्णय गरियो । अवैध रुपमा चोरी निकाशीका क्रममा जफत भएका सामाग्रीको प्रदेश सरकारको दररेटमा मूल्याङ्कन गरी हुन आउने रकमको २५ प्रतिशत रकम नियन्त्रण लिने व्यक्ति/सुरक्षा नियकायलाई पुरस्कार स्वरुप उपलब्ध गराउने निर्यण गरियो ।

९. प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा अपाङ्ग रोकथाम तथा पुनर्थापना कार्यक्रम (सञ्चालन) मार्गदर्शन, २०८२को अनुसूची-३ वमोजिम अपाङ्गता भएका व्यक्तिहरुको सहकारी संस्था गठन गरी सञ्चालन गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नम्बर १० उपर छलफल गर्दा यस नगरपालिकाको अठरौँ नगर सभाबाट **विपद प्रतिकार्य नक्शाङ्कन तयार, फोहर मैला व्यवस्थाप योजनाको प्रतिवेदन तयार गर्न, भवन निर्माण मापदण्ड तयार गर्न, स्थानीय बातावरण संरक्षण योजनाको प्रतिवेदन तयार गर्न, राजश्व सुधार योजना तयार गर्न**का लागि बजेट तथा कार्यक्रम स्वीकृत भएको थियो । बिनियोजित बजेटबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्नका लागि कार्यालयमा सूचीकृत परामर्शदाता संस्थासँग तोकिएको समयभित्र कार्य सम्पन्न गर्ने गरी कायदिश दिइएको थियो । परामर्शदाता कम्पनीहरुले द्विपक्षीय सम्झौताअनुसारको कार्य सम्पन्न गरी १/१ प्रति मस्यौदा प्रतिवेदन कार्यालयमा पेश गरेको छ । सो प्रतिवेदनहरु आजको बैठकमा पेश भइ छलफल हुँदा केही सूझावहरु दिइएको हुँदा सो सुझावलाई समावेश गरी अन्तिम प्रतिवेदन कार्यालयमा पेश भएपश्चात नियमानुसार सम्झौताअनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

११. प्रस्ताव नम्बर ११ उपर छलफल गर्दा यस नगरपालिकाको वडा नम्बर ५ मा रहेको सुन्दरपुर स्वस्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगी रमिता कुमारी चौधरी हाल प्रसुती विदामा रहेको हुँदा दैनिक कार्यालयको कामकाजमा समस्या सिर्जना भएकाले निज कार्यालयमा हाजिरी नभइञ्जेलका लागि निर्मल चौधरीलाई मिति २०८२ मङ्सिर २१ गते देखि लागू हुने गरी दैनिक ज्यालादारीमा नियुक्ति गरी कामकाज लगाउने निर्णय गरियो ।

१२. प्रस्ताब नम्बर १२ उपर छलफल गर्दा यस नगरपालिकाको कार्यालयले तयार गरेको **चौदण्डीगढी आधारभूत नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि- २०८०** लाई दोस्रो पटक संशोधन गरी उपदफा २ मा रहेको परिभाषा खण्डमा ड, ढ, ण **र** त थप गर्ने र परिच्छेद- ७ को दफा २६ देखि ३४ सम्म थप गर्ने र परिच्छेद ७ मा भएको व्यवस्थाहरु परिच्छेद ८ मा कायम गर्ने सर्बसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नम्बर १३ उपर छलफल गर्दा यस नगरपालिकाको वडा नम्बर ५ वडा नम्बर ६ निवासी नागरिकहरुले श्री १०८ छठ पुजालाई त्रियुगा नदी किनारमा भव्य रुपमा सम्पन्न गर्नका लागि आर्थिक सहायता माग गर्नु भएको हुँदा **विभिन्न जातीय चाडबाड, धर्म संस्कृती संरक्षण कार्यक्रम** शीर्षकबाट रु.१५,०००/- भुक्तानी दिने निर्णय गरियो ।

. ज्यालादारी कर्मचारी नियुक्ती सम्बन्धमा

यस नगरपालिकाको मातहतमा रहेको १ थान रोलरमा चालक आवश्यक रहेको हुँदा तपशील बमोजिमको व्यक्तिलाई दैनिक ज्यालादारीमा नियुक्ति गर्ने निर्णय गरियो-

**तपशील**

| क्र. सं. | व्यक्तिको नाम | शीर्षक | काम सुरु गराएको मिति |
|---|---|---|---|
| १. | दिपेन चौधरी | रोलर चालक | २०८२ मङ्सिर २० गतेदेखि |